निजगढ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बारा, निजगढ

## निकासी कर सम्वन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

## प्रथम पटक प्रकाशित मिति : २०७५।०४।२१ गते

यस निजगढ नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आ.व. २०७५/२०७६ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व. घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही शिलवन्दी बोलपत्र खरिद गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ । यो सुचना यस कार्यालयको www.nijgadhmun.gov.np मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति २०७५।०५।१९ गते कार्यालय समय भित्र सिलवन्दी वोलपत्र फाराम रु ५,०००।- नगदै दाखिला गरी यस कार्यालयवाट खरीद गर्न सकिनेछ ।

२. खरीद भएको सिलवन्दी बोलपत्र फाराम नेपाली नागरिक भए आफूले कबोल गरेको कूल ठेक्का अंकको ५%, विदेशी नागरिक भए १० % धरौटी रकम नगदै श्री कृषि विकास बैक, निजगढमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०५०७६००६७६०५००२६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (वीड वण्ड) संलग्न गरी मिति २०७५।०५।२० गते १ वजे भित्र रीतपुर्वक सहीछाप तथा सिलवन्दी गरी वोलपत्रदाता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका वोलपत्र सोही दिन दिनको ३ वजे सरकारी कार्यालय र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलीने छ । वोलपत्रदाताको प्रतिनिधि उपस्थिती नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । धरौटी वापतको रकम नगद संलग्न गरेकोलाई मान्यता दिइने छैन ।

३. वोलपत्रदाताले पेश गरेको वोलपत्र फिर्ता वा संसोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा चौविस घण्टा अगाडी फिर्ता वा संसोधन गर्न सकिनेछ ।

४. ठेक्का अवधि २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म १ बर्षको हुनेछ ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम बुझाएमा ठेक्का अंक (कबोल अंक) को १०% रकम छुट दिइनेछ ।

८. ठेकेदारले आफूले कबोल गरेको कुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ६० (साठी) प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यसपछिको बाँकी रकम २०७५ साल पौष मसान्त भित्र बुझाउनु पर्ने छ । सम्झौता गर्न आउदा वोलपत्रदाताले वाकी रकम वरावरको मान्यता प्राप्त वाणिज्य बैकको जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि स्थायी चलनपुर्जी दिईनेछ ।

९. ठेकेदारले नियमानुसार तोकिएको दरमा मुल्य अभिवृद्धि कर थप गरी लिनु पर्नेछ । उक्त मुल्य अभिवृद्धि कर ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ । सो वाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट कटाउन पाइने छैन ।

१०. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन । साथै कर छुट वा मिन्हा माँग गर्न पाइने छैन ।

११. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रतिवाला रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताकोतर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१३. चलनपूर्जीमा उल्लेख भएका मालवस्तु र दररेटको प्रतिकुल हुने गरी कर दस्तुर शुल्क लिन पाइने छैन । बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा ४ गुणा जरिवाना गरिने र उजुरीकर्तालाई जरिवाना रकमको २५% रकम दिइने छ । कुनै पनि सवारी साधन तोकिएको कर नतिरी भुक्याई भागेमा सवारी साधनलाई तोकिएको करको ४ गुणा जरिवाना गरिने छ । साथै ढुँगा गिट्टी ग्राभेलको हकमा नगर स्तरीय अनुगमन तथा समन्वय समितिको निर्णयानुसार सिफारिस भएको जरिवना रकम असुल गरिनेछ ।

१४. सम्मानित अदालत, नेपाल सरकार, नगरपालीकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु, गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दावी ठेकेदारले नगरपालीकासंग गर्न पाउने छैन ।

१५. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकिएको उत्पादनस्थल वा तोकेको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट राखी कर उठाउन पाइने छैन । कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नु पर्नेछ ।

१६. बालुवा ढुंगा गिट्टीका सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा नगरपालीका,बाराबाट निर्देशन भए बमोजिम हुने छ ।

१७. बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेलको संकलन उत्खनन कार्य गर्दा गराउँदा जिससको स्वीकृत IEE मा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नु पर्नेछ । IEE को शर्त पालना गर्दा वातावरणीय नकरात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पढार्थ झिक्न पाइने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनकि खरीद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१९. बोलपत्र सम्बन्धी दररेट, अन्य शर्त तथा विस्तृत जानकारीको लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सवैलाई जानकारी गराइन्छ । साथै कुन कुन मालवस्तुमा के कति दरमा कर, शुल्क लिन पाउने भन्ने बारेको विस्तृत विवरण बोलपत्र फाराम साथ संलग्न गरिएको छ ।

| ठे. नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक (मु.अ.कर वाहेक) | पछि फिर्ता नहुने गरी बोलपत्र फाराम खरिद गर्ने दर (रु.) |
|---|---|---|---|
| १/२०७५।०७६ | यस नगर भित्रका स्वीकृत IEE मा उल्लेखित खोलाहरुको रोडा, ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवा संकलन घाटगद्दी गरी विक्री वितरण कार्य<br>(प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित परिमाणको ) | २,२६,००,०००।-<br>दुई करोड छब्बिस लाख मात्र । | ५०००।- |

भरतचन्द्र अधिकारी

प्रमुख प्रशासकीय अधिकृत